Regd. No. 1300/067/068
PAN: 600232009

हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
Hydroelectricity Investment And Development Company Ltd.
(नेपाल सरकारको स्वामित्व रहेको वित्तीय संस्था)

प.सं. २०८२/८३
च.नं. (Ref.No.): ३४८

मितिः २०८२/०८/२६

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं।

विषयः साधारण सभा, वुक क्लोज तथा लाभांश वितरण सम्वन्धमा ।

महोदय,

उपरोक्त सम्वन्धमा यस कम्पनीको मिति २०८२/०८/२६ गते दिउँसो ३:४५ वजे बसेको सञ्चालक समितिको ३३२औं बैठकको निर्णयानुसार यस कम्पनीको चौधौं वार्षिक साधारण सभा गर्ने सम्वन्धमा तपशिल बमोजिमको निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

१. कम्पनीको चौधौं वार्षिक साधारण सभा मिति २०८२ साल पौष २१ गते, सोमबार आयोजना गर्ने ।
२. चौधौं वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८२।०९।०८ गते कम्पनीको शेयर दर्ता किताव तथा शेयर दाखिल खारेजी कार्य बन्द रहने ।
३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजीको १.५% (अक्षररुपीः एक दशमलव पाँच प्रतिशत) का दरले हुने रू.३६८,३९७,२०१.०० (अक्षरेपी छत्तिस करोड त्रियासी लाख सन्तानब्बे हजार दुई सय एक मात्र) बराबरको बोनस शेयर वितरण गर्न र चुक्ता पूँजीको २% (अक्षररुपीः दुई प्रतिशत) का दरले हुने नगद लाभांश र वोनस शेयरमा लाग्ने कर समेत गरी रू. ४९१,१९६,२६८.०० (अक्षरेपी उनन्पचास करोड एघार लाख छयानब्बे हजार दुई सय अठछट्ठी मात्र) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने। *(कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) मा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनीले नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र लाभांश वितरण गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोले प्रस्तावित नगद लाभांश नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात मात्र वितरण गरिनेछ।)*

चौधौं वार्षिक साधारण सभा सम्वन्धी सूचना तथा विस्तृत जानकारी पछि प्रकाशित गरिनेछ।

भवदीय
रमेश पनेरू
कम्पनी सचिव

वोधार्थः
१. श्री नेपाल धितोपत्र वोर्ड, खुमलटार, ललितपुर
२. श्री सिडिइस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।
३. श्री ग्लोवल आईएमइ क्यापिटल लिमिटेड, नक्शाल ,काठमाण्डौं ।